नेपाली काँग्रेस एघारौँ महाधिवेशनबाट पारित

# नेपाली काँग्रेसको विधान, २०१७ मा चौथो संशोधन

**प्रस्तावनामा निम्न बमोजिम परिमार्जन गर्ने**

**प्रस्तावना:** जननायक बी.पी. कोइरालाको सक्रियतामा वि.सं. २००३ सालमा नेपाली राष्ट्रिय काँग्रेसको गठन भई वि.सं. २००६ सालमा नेपाली राष्ट्रिय काँग्रेस र नेपाल प्रजातन्त्र काँग्रेसका बीच सम्पन्न एकीकरणपश्चात् नेपाली काँग्रेसको नामबाट सङ्गठित र सञ्चालित यस पार्टीले सशस्त्र आन्दोलनद्वारा जहानियाँ राणा शासनको अन्त्य गरी वि.सं. २००७ सालमा प्रजातन्त्रको स्थापना गरेको गौरवपूर्ण इतिहासलाई स्मरण गर्दै,

असङ्ख्य शहीदहरुको रगतले सिञ्चित नेपाली जनताको स्नेह एवं विश्वासले पोषित क्रान्तिकारी पार्टीका हैसियतले वि.सं. २०१५ सालको प्रथम आमनिर्वाचनमा विजयी भएर सरकार गठन गर्ने सुअवसर प्राप्त यस पार्टीले जनहितका लागि काम गर्दा गर्दै वि.सं. २०१७ मा बलात् प्रजातन्त्र अपहरित भएपछि वि.सं. २०४६ सालको अन्त्यसम्म प्रतिबन्धात्मक रुपमा रही प्रजातन्त्र पुनःस्थापनार्थ निरङ्कुश पञ्चायती व्यवस्थाका विरुद्ध गरेका अनवरत सङ्घर्षलाई सम्झदै,

वि.सं. २०४६ सालमा यही पार्टीको आह्वान र सर्वमान्य नेता गणेशमान सिंहको नायकत्वमा जन-आन्दोलन गरी प्रजातन्त्रको पुनःस्थापना गर्न सफल भएपश्चात् नेपाली जनतालाई सार्वभौमसत्ता सम्पन्न नागरिकका रुपमा प्रतिष्ठापित गर्नाका साथै संवैधानिक राजतन्त्र, मानव अधिकार, संसदीय शासनप्रणाली र बहुदलीय व्यवस्थालाई प्रत्याभूत गर्न सफल भएको कीर्तिमानलाई स्मरण गर्दै,

"२०४६ सालको सफल जनआन्दोलन पश्चात् संविधानको निर्माण र सो संविधान अन्तर्गत तीनवटा संसदीय आम निर्वाचन, दुईवटा स्थानीय निकायको निर्वाचन गरी प्रजातन्त्र सुदृढ हुँदै गैरहेको र जनहितका कार्यहरु भैरहेको अवस्था २०५९ सालमा शुरु भएको राजाको प्रतिगामी कदमबाट संसदीय शासन प्रणाली र बहुदलीय प्रजातन्त्र लगायतका संवैधानिक व्यवस्थाहरु क्षतविक्षत बनाइएपछि नेपाली काँग्रेसको आह्वानमा निरंकुश राजतन्त्रको अन्त गरी पूर्ण प्रजातन्त्र स्थापना गर्दै सर्वोच्च संस्था संसदको माध्यमद्वारा देशमा जनताको सर्वोच्चता स्थापित गराउन संचालन भैइरहेको जनआन्दोलनलाई सफल बनाई मानव अधिकार, बहुदलीय व्यवस्था र संसदीय शासन प्रणालीलाई प्रत्याभूत गर्दै सार्वभौमसत्ता र राजकीयसत्ता पूर्णरुपले जनतामा स्थापित गराउन,"

नेपाली काँग्रेसले आफ्नो जन्मकालदेखि प्रतिपादित गरेको राष्ट्रियता, प्रजातन्त्र र समाजवादका आदर्श, मूल्य र मान्यताका आधारमा न्यायपूर्ण, गतिशील, स्वतन्त्र र समतामूलक समाजको स्थापनाका लागि देखाएको प्रतिवद्धता र यस पार्टीका नेता एवं कार्यकर्ताले गरेको त्याग, तपस्या र बलिदानपूर्ण देशभक्तिको लामो परम्परालाई निरन्तरता दिन,

राष्ट्रियता र प्रजातन्त्रको संरक्षण र संवर्द्धन गर्दै नेपाललाई सभ्य, सुखी र सम्पन्न राष्ट्रका रुपमा स्थापित गरी सामाजिक, राजनीतिक र आर्थिक विकास गर्ने पुनीत उद्देश्यले नेपाली काँग्रेसलाई एकतावद्ध, सुसङ्गठित र सक्षम राजनीतिक दलका रुपमा सञ्चालन गर्नका लागि, नेपाली काँग्रेसको विधान, २०१७ लाई समसमायिक, व्यवहारिक र वैज्ञानिक बनाउन परिमार्जनसहित संशोधन गर्न आवश्यक भएकाले,

नेपाली काँग्रेसको आठौं महाधिवेशन, २०४८ ले दिएको अधिकार प्रयोग गरी पोखरामा सम्पन्न महासमितिको बैठकले (२०५१ फागुन २३ का दिन) पारित गरेको संशोधित विधानलाई नेपाली काँग्रेसको नवौं महाधिवेशन, २०५३ ले दिएको अधिकार प्रयोग गरी नेपालगञ्जमा बसेको महासमितिको बैठकले (२०५४ कात्तिक ७ का दिन) यो संशोधित विधान पारित गरेको छ साथै नेपाली काँग्रेसको पोखरामा सम्पन्न दशौं महाधिवेशनले (२०५७ साल माघ ७ गते) **नेपाली काँग्रेसको विधान, २०१७** मा तेस्रो संशोधन गरेको छ र ललितपुरमा सम्पन्न एघारौं महाधिवेशनले (२०६२ भाद्र १५ गते) नेपाली काँग्रेसको विधान २०१७ मा चौथो संशोधन गरेको छ।

**विधानको धारा २ (उद्देश्य) मा निम्न बमोजिम परिमार्जन गर्ने–**

**हाल भएको–**

२. **उद्देश्य :** राष्ट्रियता, प्रजातन्त्र, समाजवादको आदर्श एवं सिद्धान्त अनुरुप संवैधानिक राजतन्त्र, बहुदलीय व्यवस्था तथा संसदीय शासन प्रणालीको माध्यमबाट नेपालमा न्यायपूर्ण र गतिशील समाजको निर्माण गरी सामाजिक, राजनीतिक तथा आर्थिक विकास गर्नु नेपाली काँग्रेसको उद्देश्य हुनेछ।

**परिमार्जित–**

२. **उद्देश्य :** राष्ट्रियता, प्रजातन्त्र, समाजवादको आदर्श एवं सिद्धान्त अनुरुप बहुदलीय व्यवस्था तथा संसदीय शासन प्रणालीको माध्यमबाट सार्वभौम जनताको सर्वोच्चता स्थापित गर्दै राज्यको पुनर्संरचना गरी

समावेशी प्रजातन्त्रको अवधारणालाई कार्यान्वयन गर्दै नेपालमा न्यायपूर्ण र गतिशील समाजको निर्माण गरी सामाजिक, राजनीतिक तथा आर्थिक विकास गर्नु नेपाली काँग्रेसको उद्देश्य हुनेछ ।

**विधानका अन्य धाराहरुमाः**

| | |
|---|---|
| धारा ४ को उपधारा (४) को (ख) मा निम्न बमोजिम (३) थप गर्ने....... | कृयाशील सदस्यता प्रत्येक वर्ष नवीकरण गर्नै पर्ने । केही कारणवस गर्न नसक्नेले दोस्रो वर्ष दोवर नवीकरण दस्तुर तिरी नवीकरण गर्न सक्नेछ । सो नगरेमा निजको कृयाशील सदस्यताबाट नाम हटाइनेछ । प्रत्येक कृयाशलि सदस्यले पार्टीले तोकेको कार्यक्रममा कम्तीमा ५०% भाग लिएकै हुनुपर्नेछ । त्यसको अभिलेख सम्बन्धित इकाईबाट प्रमाणित गराई राख्नु पर्नेछ । |
| धारा ४ मा निम्न बमोजिम उपधारा (१२) थप्ने .... | सम्बन्धित जिल्ला कार्यसमितिको सिफारिशमा शुभेच्छुक संस्था या अन्य व्यवसायिक संस्थामा नेपाली काँग्रेसप्रति निष्ठावान रही काम गरेका व्यक्तिलाई केन्द्रीय कार्यसमितिले निजको कृयाशील सदस्यताको अवधि निर्धारण गर्न सक्नेछ । |
| | अहिले भइरहेको क्षेत्रीय प्रतिनिधिहरु निर्वाचन गर्ने तल्लो इकाई गाउँ समिति र नगर वडा समितिबाट निर्वाचन बुथ समितिमा लैजाने । सो अन्तरगतका सबै कृयाशील सदस्यले गाउँ ईकाई/नगर वडा इकाई सभापतिहरुको निर्वाचन गर्नेछन्/गाउँ इकाई/नगर वडा इकाईको सभापति पदको उम्मेदवार हुन क्षेत्रीय प्रतिनिधि या वुथ इकाईको सभापति भएकै हुनु पर्नेछ । <br><br>*(यो निर्णयले असर पार्ने सबै धारा उपधाराहरु संशोधन गर्ने)* |
| धारा ८ मा निम्न बमोजिम उपधारा (१०) थप्ने | निर्वाचित क्षेत्रीय सभापतिले क्रियाशील सदस्यहरु मध्येबाट ३ (तीन) जनासम्म क्षेत्रीय प्रतिनिधि मनोनित गर्न सक्नेछ । मनोनित गर्दा पिछडिएका जाति, जनजाति, महिला र प्रजातन्त्रको स्थापना र पुनर्स्थापनाको आन्दोलनमा सहभागी भएकाहरुलाई प्राथमिकता दिनु पर्नेछ । |
| धारा १० को उपधारा (५) मा निम्न बमोजिम (घ) थप्ने..... | क्षेत्रीय सभापतिहरुलाई जिल्ला कार्यसमितिमा पदेन सदस्यको रुपमा बोलाउनु पर्नेछ । |
| धारा १८ मा निम्नबमोजिम उपधारा (३) थप्ने .... | निर्वाचित केन्द्रीय सदस्यको पद कुनै कारणवस रिक्त हुन आएमा सो रिक्त केन्द्रीय सदस्य पद महासमितिको बैठकबाट निर्वाचन प्रकृया अनुसार पदपूर्ति गरिनेछ । |

***